# बिर्तामोड नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा
१ नं. प्रदेश, नेपाल ।

फोन नं.- ०२३-५४०२४४
फ्याक्स नं.- ०२३-५४५८००


प.स. २०७६/०७७
च.नं. ८५२१

मितिः २०७६/१२/०६

# अत्यन्त जरुरी सूचना

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७६/१२/०५ को सूचना र माननीय उप प्रधानमन्त्री तथा रक्षा मन्त्री इश्वर पोखेलज्यूको संयोजकत्वमा गठित COVID-19 संक्रमण रोकथाम तथा नियन्त्रण उच्च समन्वय समितिको २०७६/१२/०५ को बैठकको निर्णयलाई आधार मानी विर्तामोड नगरपालिकाको मिति २०७६/१२/०६ को निर्णयअनुसार देहाय बमोजिम गर्न गराउन हुन सम्बन्धित सबैको जानकारीका लागि अनुरोध छ ।

१) नगरभित्र २०७६ चैत्र ६ गतेदेखि सञ्चालन हुन गइरहेको Secondary Education Examinaiton(SEE) हाल सञ्चालनमा रहेका तथा आगामी दिनमा हुनेगरी निर्धारण गरिएका CTEVT र विश्वविद्यालय तहका सम्पूर्ण परीक्षाहरु अर्को व्यवस्था नभएसम्मका लागि स्थगित गर्ने ।

२) नगर भित्र सरकारी सामुदायिक तथा नीजी क्षेत्रबाट सञ्चालित सबै प्रकारका बालविकास केन्द्रहरु, आधारभूत तथा माध्यामिक विद्यालयहरु, शैक्षिक प्रतिष्ठानहरु र विश्वविद्यालयको पठनपाठन २०७६ चैत्र मसान्तसम्म बन्द गर्ने ।

३) नगर भित्र सञ्चालित कोचिङ्ग सेन्टर एवं विद्यालयको वार्षिक उत्सव, भेला, सभा-समारोह, विद्यार्थी भर्ना कार्यक्रम, होस्टेल सञ्चालन आदि २०७६ चैत्रसम्म बन्द गर्ने

४) नगर भित्रका सरकारी, सामुदायिक तथा नीजि क्षेत्रका तालिम केन्द्र तथा प्रतिष्ठानहरु एवं नीजि क्षेत्रका शैक्षिक परामर्श केन्द्रहरुबाट सञ्चालित कार्यक्रमहरु २०७६ चैत्र मसान्तसम्मका लागि बन्द गर्ने साथै अन्तराष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्थाहरुबाट सञ्चालन हुने सबै प्रकारका तालिम, सेमिनार, गोष्ठी, सभा, सम्मेलनजस्ता कार्यक्रम २०७६ चैत्रसम्म बन्द गर्ने

वोधार्थ : सबै वडा कार्यालयहरु

पशुपति खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

पशुपति खतिवडा
प्रमुख प्रशासकिय अधिकृत




Scanned with CamScanner